# शुक्लाफाँटा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**झलारी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

प.स.०७७/०७८ मिति:२०७७/०४/०९

च.नं ४६

विषयः बेरोजगार दर्ताका लागी निवेदन दिने सूचना ।

प्रस्तुत विषय सम्वन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आर्थिक बर्षमा रोजगारीका लागी आवेदन दिने समय मिति २०७७ श्रावण ८ गते देखि भाद्र ७ गते सम्म रहेको हुदाँ उक्त अवधी भित्र आफु स्थायी रुपले बसोबास गरेको वडा कार्यालय मार्फत तपशील बमोजिमका प्रमाण सहित आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

१. निवेदनसंग परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नागरिकताको स्पष्ट देखिने प्रतिलिपि,
२. नागरिकता नभएका बालबालिकाहरुको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. फोन नं., बार्षिक पारिवारीक आय, र कामगर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने छ,
४. निवेदनमा भएको पारिवारिक विवरणमा निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं.,जारी ,मिति, जारी जिल्ला, शैक्षिक योग्यता, सिप, रोजगारीको अवस्था , सामाजिक सुरक्षा भत्ता, तथा अन्य (पेन्सन), कुनै सेवा सुविधाबापत पाएको रकम विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ,
५. निवेदनमा रहेको बुँदा नं. ७ मा रहेका विवरण भएकाकालाई प्राथमिकता दिइने छ,
६.कुनै एक पेशा मात्र छनौट गर्नुपर्नेछ ।
७.निवेदक कुनै किसिमको स्वरोजगारमा संलग्न नभएको हुनुपर्नेछ र उमेर १८ बर्ष भन्दा कम र ५९ वर्ष पुरा नभएको हुनुपर्ने र स्थायी ठेगाना फरक भएमा विवाह दर्ता वा बसाइसराई प्रमाण पेश गर्नुपर्ने,
८.निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा निवेदनको बुँदा नं. १५ भन्दा तलको खाली ठाउँमा अनिवार्य रुपमा भर्नुहुन पर्ने छ,
९.निवेदन अनिवार्य रुपमा प्रमाणित गर्नुपर्ने छ ,
१०. विवरण अपुर्ण भएको निवेदन अस्वीकृत गरिनेछ ।

कृष्ण प्रसाद भट्ट
रोजगार संयोजक

प्रमुख प्रशासकीय अधिकृत